# राक्सिराङ्ग गाउँपालिका

# स्थानीय राजपत्र

खण्ड ०५, संख्या ०९, मकवानपुर, कार्तिक २५ गते, २०७८ साल

## भाग २

## राक्सिराङ्ग गाउँपालिका

राक्सिराङ्ग गाउँपालिका करारमा प्राविधिक कर्मचारी व्यवस्थापन गर्ने सम्बन्धी कार्यविधि, २०७४ को दफा १० बमोजिम गाउँपालिकाले “राक्सिराङ्ग गाउँपालिका करारमा प्राविधिक कर्मचारी व्यवस्थापन गर्ने सम्बन्धी (प्रथम संशोधन) कार्यविधि, २०७८” स्वीकृत गरी जारी गरेको छ ।

### राक्सिराङ्ग गाउँपालिका करारमा प्राविधिक कर्मचारी व्यवस्थापन गर्ने सम्बन्धी (प्रथम संशोधन) कार्यविधि, २०७८

सम्बत् २०७८ सालको कार्यविधि नं.७१

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यस कार्यविधिको नाम "**राक्सिराङ्ग गाउँपालिका करारमा प्राविधिक कर्मचारी व्यवस्थापन गर्ने सम्बन्धी (प्रथम संशोधन) कार्यविधि, २०७८**" रहेको छ ।

(२) यो संशोधन गाउँ कार्यपालिकाले स्वीकृत गरेको मितिदेखि लागु हुनेछ ।

२. कार्यविधिको निम्न उल्लेखित दफा/उपदफाहरुमा थप तथा संशोधनः

- कार्यविधिको दफा ४ को उपदफा ३(क) मा संशोधन गरी

  सम्बन्धित तहको लागि तोकिएको न्यूनतम ***शैक्षिक योग्यता वापत को अंक वापत ६० अंक र सोभन्दा माथिल्लो तहको योग्यता वापत ६२ अंक*** कायम गरिएका छन् ।
- कार्यविधिको दफा ४ को उपदफा ३ ग मा संशोधन गरी ***सम्बन्धित गाउँपालिकाका बासिन्दा भएमा – "८ अंक"*** कायम गरिएको छ ।
- कार्यविधिको दफा ४ को उपदफा (३) ग पछि देहाय बमोजिम (ग १) थप गरि ***"प्राविधिक कर्मचारी करारमा राख्न ५० अंकको सो सेवासँग सम्बन्धि बस्तुगत प्रश्नको लिखित परिक्षा हुनेछ"*** भन्ने व्यवस्था गरिएको छ ।
- कार्यविधिको दफा ५ (क) मा प्रमुख प्रशासकिय अधिकृत पछि ***"वा निजले तोकेको अधिकृत स्तरको कर्मचारी"*** भन्ने शब्द थप गरिएको छ ।

- दफा ६ को उपदफा (३) पछि उपदफा (४) थप गरि ***"सोही आर्थिक बर्ष भित्र सम्बन्धीत पद रिक्त भएमा बैकल्पिक सूचीमा रहेका उम्मेदवार लाई करार सेवाका लागि सिफारिस गर्न सकिनेछ"*** भन्ने थप व्यवस्था गरिएको छ ।

आज्ञाले,<br>
देब चन्द्र गर्तौला<br>
प्रमुख प्रशासकीय अधिकृत

राक्सिराङ्ग गाउँपालिका, चैनपुर, मकवानपुर/ मुद्रण रु.५ मात्र।